# जिल्ला कोभिड व्यवस्थापन समिति

## मितिः २०७८/१०/०९ आइतवार

## बैठक संख्याः ११/०७८/०७९

आज मिति २०७८/१०/०९ गते आइतबारका दिन सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा DCMC का अध्यक्ष श्री ***इन्द्रदेव यादवको*** अध्यक्षतामा बसेको जिल्ला Covid-19 Crisis Management Center सुनसरीको बैठकमा निम्न बमोजिमको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| प्र.जि.अ. श्री इन्द्रदेव यादव | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| स.प्र.जि.अ. श्री आनन्द पौडेल | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| प्र.उ. श्री सन्जय सिंह थापा | श्री जिल्ला प्रहरी कार्यालय, सुनसरी |
| उप.अ.नि. श्री कुलचन्द्र नेपाल | श्री रा.अ.जि.का., सुनसरी |
| का.प्र. श्री सागर प्रसाई | श्री स्वास्थ्य कार्यालय, सुनसरी |
| मे.सु. डा. देवराज घिमिरे | श्री ईनरुवा अस्पताल, सुनसरी । |
| सेनानी श्री दिपक कुमार खत्री | श्री कृष्णदल गण, इटहरी |
| स.प्र.ना.उ. श्री मित्रलाल श्रेष्ठ | श्री स.प्र.बल, नेपाल नं. ४ गण हे.क्वा., सुनसरी |
| त.व्य.अ. श्री रुषा उपाध्याय | श्री स्वास्थ्य कार्यालय, सुनसरी |

निर्णय

१. मिति २०७८/०९/२७ गते बसेको बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा गरियो । कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. पछिल्लो केही समयमा यस कार्यालय, मातहतका कार्यालय तथा जिल्ला स्थित बिभिन्न सरकारी कार्यालयका कर्मचारीहरु कोभिड-१९ वाट संक्रमित हुने क्रम बढ्दै गईरहेको अवस्था रहेकोले सवै कार्यालयवाट प्रवाह हुने सेवाको आवश्यकता तथा नियमित सेवाको बर्गीकरण गरी सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा सम्बन्धित कार्यालयवाटै निर्णय गरी सेवा प्रवाह गर्ने ।

३. बजारमा सिटामोल लगायतका बिभिन्न औषधिहरुको चरम अभाव भएको भन्ने समाचारहरु प्रकाशनमा आएकोले त्यस्ता अत्यावश्यक औषधिहरुको कृत्रिम अभाव हुन नदिन र दोषि उपर कानूनकी कार्वाही हुने व्यवस्थाको लागि बजार अनुगमन गरी सो को प्रतिवेदन गृह मन्त्रालयमा पठाउनका लागि मजकुर मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १५१६ मिति २०७८/१०/०५ गतेको पत्रवाट लेखि आएको हुँदा तत्सम्बन्धमा नियमित बजार अनुगमन गरी यस्ता गतिबिधि हुन/गर्न नदिने, भए गरेको पाइएमा कानूनी कारवाही गर्ने ।

४. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १५२१ मिति २०७८/१०/०६ को पत्र बैठकमा जानकारी गराईयो । तत्सम्बन्धमा भएको निर्णय कार्यन्वयन गर्ने ।

५. कोभिड सम्बन्धी सूचना प्रवाह गर्नको लागि दैनिक रिपोर्ट बनाई पत्रकार तथा नागरिकलाई जानकारी दिने ।

६. भ्याक्सिन र सिरिन्ज प्राप्त हुन साथ १२ देखि १७ वर्ष को व्यक्तिलाई मोडर्ना खोप र बुस्टर डोज खोप को यथासिग्र पलिकाहरुमा उपलब्ध गराउने।

७. विरामी ओसारपोसार गर्न को लागि ambulance र शव व्यबस्थापन गर्न को लागि शव वाहन तयारी अवस्थामा राखी व्यवस्थापन गर्न पलिकहरुलाई अनुरोध गर्ने तथा मृत्यू भएका शवको धार्मिक तथा जातीय संस्कार अनुसार जनस्वास्थ्यको मापदण्ड पुरा गरी सम्बन्धित स्थानीय तहको निगरानीमा मृतकको आफन्तजनवाट गर्ने/गराउने व्यवस्था मिलाउने ।

८. नेपाल-भारत सीमा ब्यबस्थापन गर्न स्वास्थ कक्ष राखी अकस्मात विरामी को antigen टेस्ट गराउन सम्बन्धित पालिकाले ब्यबस्थापन गर्ने ।

९. यस अघि संचालन गरिएको Isolation सुचारु गर्न पालिकाहरुलाई पहल गर्ने र पहिले गठन भएका CICT टिमहरुलाई परिचालन गर्ने ।

१०. Holding area र Quarantine संचालन गर्न स्रोतको ब्यबस्थापनको लागि गर्ने श्री आन्तरिक तथा कानुन मन्त्रालयलाई अनुरोध गर्ने ।

११. विरामीहरु भर्ना गर्नु पर्ने अवस्थामा कोशी कोभिड अस्पताल बिराटनगर तथा वि.पि. धरानमा समन्वयगरि पठाउने व्यवस्था पालिकाले मिलाउने ।

१२. सिटामोल लगायत कोभिड सम्बन्धी मेडिकल र सर्जिकल सामग्रीहरु अभाव हुन नदिन पालिकाले स्थानिय प्रहरी तथा प्रशासन संग समन्वय गरि अनुगमन गर्ने ।

१३. खोप कार्ड हराएको अवस्थामा सम्बन्धित पालिका संग समन्वय गरि रेकर्ड अनुसार नँया खोप कार्ड दिने ।

१४. अति आवस्यक सेवाहरु नियमित रुपमा दिने ब्यबस्थापन गर्ने ।

१५. कार्यालयहरुले आलोपालो गरि सेवा सुचारु गर्ने ।

१६. १५ बेडका सरकारी तथा निजि अस्पतालहरु संग समन्वय गरि कोभिडका विरामीहरु भर्ना गरि ब्यबस्थापन गर्ने ।

१७. हाल संचालन भएका उद्योगहरुमा कार्यरत कर्मचारी तथा मजदुरहरु कोभिड पोजेटिभ भएमा सोहि उद्योगहरुले isolationमा राखे ब्यबस्थापन गर्ने ।

१८. होटेल व्यवसायीहरुले जनस्वास्थको मापदण्ड अपनाई सेवा प्रदान गर्ने । यातायात व्यवसायीहरुले पनि जनस्वास्थ्यको मापदण्ड अपनाई यात्रु ओसार पसार गर्जे ।

१९. राजनीतिक दलहरुले कुनै पनि भीडभाड हुने कार्यक्रम नगर्न अनुरोध गर्ने ।

२०. हाट बजारहरुमा भीडभाड नहुने गरि ब्यबस्थापन गर्न पालिका तथा राजनीतिक दलहरुलाई पहल गर्ने ।

२१. प्रत्येक आईतवार समग्र जिल्ला तथा प्रत्येक पालिकाको छुट्टा छुट्टै कोभिड जोखिमको मूल्यांकन गरी स्मार्ट लकडाउनको कार्यविधि बमोजिम कार्यान्वयन गर्ने ।

२२. कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ अनुसार धरान उप.म.न.पा. को कोभिड-१९ जोखिम मूल्याङ्कन गर्दा अति उच्च जोखिमा परेको जानकारी धराध उप.म.न.पा. लाई दिने तथा उक्त कार्यविधि अनुरुप आवश्यक व्यवस्थापन गर्न/गराउन उक्त पालिकालाई अनुरोध गर्ने ।

२०७८/१०/१९

# Smart lock down Determination and Prototype

## Dharan Sub-Metropolitan City, Sunsari

| Parameters(Area specific- Dharan sub-metropolitan city. | Value | Parameter Score | Aggregate Score | Risk Level | Level of Transmission | Action | Measure | Type of lockdown |
|---|---|---|---|---|---|---|---|---|
| Number of test positive in the area in the week | 866 | | | | | | | |
| Number of test done in the area in the week | 1389 | | | | | | | |
| **Positivity Rate** | 62.40% | 20 | | | | | | |
| Total number of new cases in recent week in the area | 866 | | | | | | | |
| Total number of new cases in previous week in the area | 98 | | | | | | | |
| **Incremental Change in percentage compared to previous week** | 11.32% | 6 | | | | | | |
| Total number of new cases in a week in the area | 866 | | | | | | | |
| Total population in the area | 162426 | | 69 | Severe | Widespread | Restrict | Stringent | Hard |
| **Weekly new cases per million** | 5332 | 20 | | | | | | |
| Total number of patients admitted with COVID-19 in the area in the week | 14 | | | | | | | |
| Total numbers of beds allocated for COVID-19 in the area in the week | 100 | | | | | | | |
| **Bed Occupancy Percentage** | 14% | 3 | | | | | | |
| Total Number of deaths in the week due to COVID-19 in the area | 2 | | | | | | | |
| Total population in the area | 162426 | | | | | | | |
| **Number of death per million** | 12 | 20 | | | | | | |

| पालिका | कोभिड १९ को अवस्था | | | | | | | खोप को अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा बिरामी | जम्मा मृत्यु | २४ घण्टा भित्रको बिरामी | २४ घण्टा भित्रको मृत्यु | सक्रिय बिरामी | बिरामी मृत्यु दर | आइसोलेसन् मा बसेको | १२-१७ बर्ष पहिलोमात्रा खोप लगाएको प्रतिशत | १२-१७ बर्ष पूर्ण खोप लगाएको प्रतिशत | १८ बर्षदेखिले पहिलोमात्रा खोप लगाएको प्रतिशत | १८ बर्षदे… खोप लगा… |
| इटहरी | 11546 | 160 | 51 | 0 | 448 | 1.4 | 2 | 0 | 0 | 99 | |
| धरान | 11582 | 224 | 132 | 0 | 1089 | 1.98 | 14 | 8.1 | 8.1 | 95 | |
| बराहाछेत्र | 1301 | 43 | 28 | 0 | 46 | 3.38 | 0 | 93.5 | 0 | 86 | |
| इनरुवा | 1905 | 42 | 0 | 0 | 44 | 2.21 | 0 | 63.2 | 0 | 106 | |
| दुहबी | 967 | 23 | 1 | 0 | 12 | 2.39 | 0 | 60.6 | 0 | 94 | |
| रामधुनी | 997 | 24 | 2 | 0 | 33 | 2.46 | 0 | 0 | 0 | 94 | |
| कोशी | 225 | 7 | 0 | 0 | 0 | 3.11 | 0 | 57.7 | 0 | 59 | |
| हरिनगर | 195 | 4 | 0 | 0 | 9 | 2.06 | 0 | 0 | 0 | 58 | |
| भोक्राहा | 219 | 7 | 0 | 0 | 3 | 3.2 | 0 | 49.4 | 0 | 63 | |
| देवानगंज | 348 | 4 | 1 | 0 | 17 | 1.15 | 0 | 0 | 0 | 64 | |
| गढी | 292 | 10 | 0 | 0 | 4 | 3.42 | 0 | 0 | 0 | 86 | |
| बर्जु | 426 | 5 | 1 | 0 | 15 | 1.18 | 0 | 71.2 | 0 | 88 | |
| Others | 385 | 0 | 2 | 0 | 32 | | | 0 | 0 | | |
| सुनसरी | 30388 | 553 | 218 | 0 | 1752 | 27.94 | 16 | 29.6 | 0.69 | 87.28 | |

२०७८/१०/०३.